निजगढ नगरपालिका कार्यालय
दर्ता नं. ६०२
दर्ता मिति 2073/10/2

श्री प्रशासन शाखा, सम्बन्धित ठेकेदारलाई कारवाहीको लागि पत्र लेख्ने र कार्यालय प्रमुखलाई जानकारी दिने । 2073/10/2

मिति २०७३/१०/२

श्रीमान् कार्यकारी अधिकृत ज्यू,
निजगढ नगरपालिका कार्यालय, बारा ।

विषयः- प्राविधिक प्रतिवेदन पेश गरेको सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा यस कार्यालयको च.नं. १३८० मिति २०७३/०९/२७ को पत्र प्राप्त भयो । सो सर्न्दभमा हामीले विभिन्न पत्रिकामा प्रकाशित भएको सुचना तथा विभिन्न ६ दलवाट जारी भएको विज्ञप्तीहरु प्रति हाम्रोपनि ध्यान आर्कषण भएको छ । सो सम्वन्धमा हामीले उक्त साईटको नियमित रुपमा सुपरभिजन र निरिक्षण गरी रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छौं । यस कार्यालय र श्री प्रतिष्ठा कन्स्ट्रक्सन कम्पनी प्रा.लि., काठमाण्डौ विच मिति २०७३/०१/०२ गते भवन निर्माण गर्ने कार्यको रु ३६८,४१,६७३/१८ सम्झौता भएको छ । सो भवन २.५ तल्ला पुरा गर्नको लागी १६ महिनाको म्याद राखी सम्झौता गरिए अनुसार निजले भवन निर्माण सम्वन्धी कार्य गरी रहेको व्यहोरा जानकारी गराउन चाहन्छौ ।

मिति २०७३/०९/२४ गतेको दिन ठेकेदार पक्षले निर्माण कार्य गरी रहदां हामी प्राविधिकहरुवाट उक्त दिन भएको निर्माण कार्य नगर्नको लागी रोक्का गरेको व्यहोरा समेत जानकारी गराउदछौ । निज ठेकेदार पक्षले समेत उक्त दिन सो दिनको कार्य रोकी काम स्थगीत गराएको व्यहोरा समेत अनुरोध छ । सो सम्वन्धमा देखिएको कार्यको विस्तृत निरिक्षण गरी निम्नानुसार प्रतिवेदन पेश गरेका छौ ।

| सि.नं. | कामको विवरण | कार्यको प्रकृती | कैफियत |
|---|---|---|---|
| १, | ठेकेदारले सम्झौताको बुदा नं. ५.०२ मा आफनो प्राविधिक कर्मचारीहरु राखी काम गराउनु पर्ने देखिन्छ । | हुनु पर्ने | कुनै इन्जिनियर प्राविधिक कर्मचारी राखेको नपाईएको । |
| २, | मिति २०७३/०९/२४ गते Isolated Footing Casting गरिरहेको । | कार्य भई रहेको । | सो दिन यस कार्यालयमा प्राविधिक कर्मचारीलाई जानकारी नदिई कार्य गरेको । |
| ३, | Base of foundation Below isolated footing (North corner) column C1 Grid I-7 (F5) | कार्य सम्पन्न भएको । | पुनः उत्तरतर्फको कुनामा रहेको हात्तिपाईलेमा Bolder Soling गरी PCC थप गर्नु पर्ने देखिन्छ । |
| ४, | East Block (front side Brick wall below tie beam ) | कार्य भई रहेको । | Fornt Side को Brick Wall मा रहेको 2nd Class इट्टा हटाउनु पर्ने । |
| ५, | North Block PCC (Lean concret) not in level | कार्य भई रहेको । | 2" PCC थप्नु पर्ने । |
| ६, | Column of North Block (Casted un size aggregate) Gride A-7,6 | कार्य भई रहेको । | सम्पूर्ण कार्य हटाई पुन सो कार्य गर्नु गराउनु पर्ने । |

उपरोक्त अनुसारका कार्यमा कैफियतमा उल्लेख भए वमोजिम संसोधन गराउन र सो अनुसार अविलम्व कार्यवाही गर्नको लागी ठेकेदार पक्षलाई निर्देशन दिनु पर्ने देखिन्छ ।

-------------------
नविन खनाल
सव-इन्जिनियर

-------------------
अशोक कुमार कुशवाह
इन्जिनियर